नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष १५ गते ०९ साल

भाग ३

उद्योग वाणिज्य खाद्य सिभिल सप्लाइजविभागको सूचना

मुद्रासटहीको लाइसेन्स पाएका महाजनहरूमध्ये सटही पाउन बाँकी भएकोमा हाललाई निकाशा भएको रकमले पुगेसम्म निम्नलिखित नियमबमोजिम ३ दिनको म्याद थप गरिने भएको छ। यस्तो सटही पाउन बाँकी भएका महाजनहरूले ३ दिनभित्र यस सचिवालयमा आई चाहिंदो लेखोट लिन आउनुहोला।

१. २१।७।०९ मितिसम्म लाइसेन्सको म्याद बाँकी नै रहेका महाजनले सर्वप्रथम प्रधानता पाउनेछ।

२. सिभिल सप्लाइजविभाग वा त्यस-अन्तर्गत मूल्य निर्धारण हुने पदार्थ पैठारी गर्ने सटही भाग गरी लाइसेन्स पाएका महाजनले दोस्रो प्रधानता पाउनेछ।

आधिकारिकता सम्बन्धी विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. नेपाल बैंकद्वारा मार्जिन हिसाब खोली मालसामान पैठारी भइसकी बैंकमा नै पडिरहेको माल छुटाउन भनी भुक्तानी दिन भारतीय मुद्राको माग गरेकोमा तेस्रो प्रधानता दिइनेछ ।

४. उक्त ३ कक्षाबाहेक अरूलाई चौथो प्रधानता दिइनेछ ।

—सेक्रेटरी

प्राइवेट फरमबारे सूचना नं २६।०९

उद्योग वाणिज्य, खाद्य, सिभिल सप्लाइजविभागको १।६।०६ को आदेश-बमोजिम नरदेवी बस्ने माधवदास श्रेष्ठ र क्षेत्रपाटी बस्ने तारावीरसिंहको साझा हिस्सा भएको रु. २ लाख पूँजी भएको ल्वक नम्बर १०।१५ क्षेत्रपाटी ठेगाना भएको र यस विभागबाट कार्तिक १७ गते २००६ सालमा रजिष्टर भई १००६। २०००। ००६ संख्याको प्रमाणपत्र पाएको नेपाल सप्लाई सिन्डिकेट भन्ने प्राइवेट फर्म खारेज गरिएको हुनाले यो सूचना प्रकाशित गर्ने काम भएको छ ।

डाइरेक्टर,

उद्योगविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।